# नेपाल गजेट

काठमाडौं कार्तिक ५ गते ०८ साल

खण्ड १ ] नेपाल सरकारद्वारा प्रकाशित [ संख्या ११

## भाग १

### सूचना

बिन्तिपत्र लिफाबारेमा आश्विन १२ गते मन्त्रिमण्डलको बैठकमा निर्णय भएअनुसार अबउप्रान्त नेपाल भरमुलुकमा सोहीबमोजिम काम कारबाई गर्नेलाई देहायबमोजिमको सूचना जारी भएको छ।

सरकारी अड्डामा आउने बिन्तिपत्र र टेलिफोनहरू लिफामा लिने विषय विचार गर्दा अहिले हरेक कुराको जाहेरी बिन्तिपत्रहरू लिफा बेलिफामा आउने भैरहेको हुनाले देहायका कुरासम्मको बेलिफामा भए पनि र त्यसदेखि बाहेक अरूकुरामा लिफा नभए वा नपाइएमा सो लिफाबापतको दस्तुर रू. १। को टिकट टाँसिएको वा नोट खामिएको वा मोरु १। को रूपैयाँ नै खामिएको भए मात्र फैसवालबमोजिम कारबाई गर्नू।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१ सरकार वादी भै हेर्नुपर्ने कुराको ।

२ सरकारको नोक्सान भए हुन लागेको कुराको ।

३ हाकिम अफिसर कामदार कारिन्दा र ठूलाठालुले रैती दुनियाँलाई दुःख पीर दिएका कुराको ।

४ जागीरदारले अड्डासम्बन्धी जाहेर गरेको कुराको ।

आकाशवाणी टेलिफोनको हकमा दुनियाँले पठाउँदा महसूल तिरी मात्र पठाउन पाउने हुनाले सोबमोजिम पठाएकोमा ऐनसवालबमोजिम कारबाई गर्नू ।

सरकारी काममा सरकारी अड्डाबाट पठाएको टेलिफोन आकाशवाणीबाट पठाएको र जाहेरी बिन्तिपत्रहरूमा समेत ऐनसवालबमोजिम कारबाई गर्नू ।

ज्युडिसियल सेक्रेटरी—
गृहमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।